# प्रेस चौतारी नेपाल

विधान २०५५
(सातौं संशोधन, २०७८)

# प्रस्तावना

प्रेस जगतले सत्य र यथार्थको उद्घाटन गर्दै समाजलाई अघि बढाउन सचेतक र उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्नुपर्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र, बहुलवाद, समावेशी सिद्धान्त र लोकतान्त्रिक जनआन्दोलनका भावनाअनुसार जारी भएको नेपालको संविधानका हक, अधिकारलाई आम नागरिकसम्म पुऱ्याउँदै संविधानलाई सुदृढरुपमा क्रियाशील तुल्याउन प्रेस जगतले अझ महत्वपूर्ण भूमिका खेल्नुपर्ने आवश्यकता छ । सञ्चार जस्तो सवल माध्यमलाई निष्पक्ष रुपमा प्रजातान्त्रिक संस्कारको विकास, खोजपूर्ण, व्यावसायिक र अनुसन्धानमूलक पत्रकारिता, संवादलगायतका क्रियाकलापहरूको सञ्चालन, पेशागत सीप र पत्रकारहरूको वृत्ति विकासमा सहयोग पुऱ्याउन श्रमजीवी पत्रकारहरुको एउटा राष्ट्रिय संस्थाको आवश्यकता महसुस गरी ***प्रेस चौतारी नेपाल*** गठन गरिएको छ ।

बहुदलीय लोकतान्त्रिक परिपाटीको प्रवर्द्धन, खोजपूर्ण, व्यावसायिक एवं अनुसन्धानमूलक पत्रकारिता सम्बद्ध क्रियाकलापहरूको सञ्चालन, पेसागत सीप र पत्रकारहरूको वृत्ति विकासमा सहयोग पुऱ्याउने उद्देश्यबाट अभिप्रेरित भई २०५५ माघ २२ मा ***प्रेस चौतारी नेपाल*** स्थापना भएको हो । उक्त उद्देश्य प्राप्तिका लागि

संविधानसभाबाट निर्माण भई जारी भएको नेपालको संविधान, २०७२ ले संस्थागत गरेका मुलुकको सङ्घीय संरचना, समावेशी सिद्धान्त तथा अन्य अग्रगामी मूल्य मान्यतालाई आत्मसात् गर्दै यस सङ्गठनको २०७८ फागुन २७-२९ गते पोखरामा सम्पन्न नवौं राष्ट्रिय महाधिवेशनबाट आठौं संशोधन २०७८ सहित यो विधान जारी गरिएको छ । प्रेस चौतारी नेपालका सम्पूर्ण क्रियाकलाप अबदेखि यही विधानद्वारा निर्देशित र सञ्चालित हुनेछ ।

## परिच्छेद-१

## प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

क. सङ्गठनको नाम **प्रेस चौतारी नेपाल** रहनेछ । यो सङ्गठन विभिन्न सञ्चारमाध्यममा असङ्गठितरुपमा कार्यरत पत्रकार तथा सञ्चारकर्मीहरूलाई समावेश गरी सङ्घसंस्था दर्ता ऐन, २०३४ को दफा (४) अन्तर्गत गठित सङ्गठन सम्झनुपर्नेछ ।

ख. अङ्ग्रेजीमा यसलाई Press Chautari Nepal (PCN) भनिनेछ ।

ग. यो विधान तुरुन्त लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. 'सङ्गठन' भन्नाले सङ्घसंस्था दर्ता ऐन, २०३४ को दफा (४) बमोजिम गठित प्रेस चौतारी नेपालको विधानअनुसार गठन भएको सङ्गठनलाई बुझाउँदछ ।

ख. 'सदस्य' भन्नाले यस विधानको परिच्छेद ३ अनुसार सदस्यता प्राप्त गरेका व्यक्तिलाई सम्झनुपर्दछ ।

ग. 'स्थानीय अधिकारी' भन्नाले 'प्रमुख जिल्ला अधिकारी'लाई जनाउँदछ ।

घ. 'केन्द्रीय समिति' भन्नाले यस विधानबमोजिम गठित प्रेस चौतारी नेपालको केन्द्रीय समितिलाई जनाउँदछ ।

ङ. 'प्रदेश समिति' भन्नाले यस विधान बमोजिम गठित प्रेस चौतारी नेपालको प्रदेश समितिलाई जनाउँदछ ।

च. 'जिल्ला, विशेष/प्रतिष्ठान/पालिका समिति' भन्नाले यस विधानबमोजिम सम्बन्धित जिल्ला, विशेष/प्रतिष्ठानको नाम राखी गठित **प्रेस चौतारी नेपाल**को जिल्ला, विशेष/प्रतिष्ठान/पालिका समितिलाई जनाउँदछ ।

छ. 'राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य' भन्नाले प्रेस चौतारी नेपालको राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूलाई जनाउँछ ।

ज. 'पत्रकार' भन्नाले आमसञ्चार माध्यमका सम्पादक, कार्यकारी सम्पादक, समाचार सम्पादक, उपसम्पादक, प्रमुख समाचारदाता, समाचारदाता, प्रस्तोता, टिप्पणीकर्ता, स्तम्भलेखक, कार्यक्रम उत्पादक, कार्यक्रम निर्माता, कम्प्युटर अपरेटर ग्राफिक्स डिजाइनरका साथै कार्टुनिस्ट, प्रेस फोटोग्राफर वा स्वतन्त्र पत्रकारका रूपमा आमसञ्चार क्षेत्रमा कार्यरत व्यक्तिलाई बुझाउँदछ ।

झ. प्रेस चौतारी नेपाल एक अविच्छिन्न उत्तराधिकारवाला स्वतन्त्र सङ्गठन हुनेछ र यसले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त, बिक्री र कारोबार गर्न सक्नेछ ।

ञ. यसले व्यक्ति सरह नालिस-उजुर गर्न र आफ्नो नाउँमा परेका नालिस-उजुरमा प्रतिवाद गर्न सक्नेछ ।

ट. यस विधानको व्याख्या गर्ने अन्तिम अधिकार केन्द्रीय समितिमा रहनेछ ।

**३. छाप र प्रतीक चिन्ह**

सङ्गठनको आफ्नै छाप र प्रतीक चिन्ह केन्द्रीय समितिले निर्णय गरेअनुरूप हुनेछ ।

## ४. कार्यालय

सङ्गठनको केन्द्रीय कार्यालय काठमाडौँ उपत्यकाभित्र रहनेछ । प्रदेश/जिल्ला, विशेष/प्रतिष्ठान कार्यालय सम्बन्धित प्रदेश/जिल्लामा प्रदेश/जिल्ला, विशेष/प्रतिष्ठान/पालिका समितिले निर्णय गरेबमोजिम रहनेछन् ।

परिच्छेद-२

# उद्देश्य

## ५. उद्देश्य

**विद्यमान ऐन, कानूनको परिधीभित्र रही यस संस्थाका मुलभुत उद्देश्यहरू निम्नानुसार हुनेछन् :**

१. प्रेस जगत्को संस्थागत विकास गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. पत्रकार र प्रेससँग सम्बन्धित व्यक्तिहरूका पेसागत हक, हित र सीप प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।

३. समाजका उपेक्षित, उत्पीडित वर्ग, बालबालिका, महिला, जनजाति, मुस्लिम, अल्पसङ्ख्यक, पिछडिएका क्षेत्र, आर्थिक समृद्धिजस्ता विविध

पक्षलगायत मानवअधिकार तथा वातावरणका सम्बन्धमा अनुसन्धान तथा प्रेस सम्बद्ध कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. जनसमुदायका न्यायपूर्ण सङ्घर्षको पक्षमा दृढतापूर्वक संलग्न रहन तथ्यपरक पत्रकारिताको विकासमा सहयोग पुऱ्याउँदै मानवअधिकार र वाक तथा प्रकाशन स्वतन्त्रताको पूर्णवहालीका निम्ति कार्यरत रहने ।

५. राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता, राष्ट्रिय हित, लोकतान्त्रिक मूल्य-मान्यता, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने पक्षमा सक्रिय, निष्पक्ष र निर्भीक पत्रकारितालाई सघाउने ।

६. नेपाल पत्रकार महासङ्घलगायत राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा समान उद्देश्य रहेका प्रेस र अन्य सामाजिक सङ्घ, संस्था र सङ्गठनहरूसँग मित्रवत् सम्बन्ध र सहयोग कायम राखी सहकार्य गर्ने ।

७. पत्रकारिताको विकास र पत्रकारहरूको वृत्ति विकासमा सहयोगी हुने खालका कार्यक्रम गर्ने ।

८. पत्रकारिता क्षेत्रमा उल्लेख्य काम गर्ने प्रतिभाहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने ।

९. पत्रकारको क्षमता, सीप र गुणस्तर अभिवृद्धिका लागि विभिन्न तालिम तथा प्रशिक्षणहरू सञ्चालन गर्ने ।

१०. असङ्गठित श्रमजीवी पत्रकार तथा सञ्चारकर्मीको पेसागत हक, अधिकारको निम्ति ट्रेड युनियन अधिकारप्रति सचेत बनाउने ।

## परिच्छेद-३

## **सदस्यता**

### **६. सदस्यको योग्यता र प्रकार**

सङ्गठनका संस्थापक, आजीवन, साधारण र मानार्थ गरी चार प्रकारका सदस्य हुनेछन् ।

क. सङ्गठन स्थापनाको प्रारम्भिक भेलामा उपस्थित भएका र सङ्गठन स्थापनाको प्रारम्भिक कागजातमा हस्ताक्षर गर्ने सबै सदस्यहरूलाई संस्थापक सदस्य मानिनेछ ।

ख. सङ्गठनको विधान र नियम पालना गर्ने तथा सक्रिय पत्रकारितामा दुई वर्षदेखि क्रियाशील रहेका र नेपाल सरकार सूचना विभागबाट प्रेस प्रतिनिधि पत्र लिएका वा नेपाल पत्रकार महासङ्घको सदस्यता प्राप्त गरेका व्यक्तिहरू सङ्गठनको

साधारण सदस्य बन्न सक्नेछन् । तर, महिला, दलित, आदिवासी जनजाति, मधेसी, अल्पसङ्ख्यक र पिछडिएको क्षेत्रका हकमा एक वर्षको अनुभव प्राप्त पत्रकारहरू साधारण सदस्यका लागि योग्य मानिनेछन् ।

ग. आमसञ्चार क्षेत्रमा लामो सेवा र योगदान गर्दै आएका र सङ्गठनको उद्देश्य प्राप्तिका लागि विशेष योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्ति वा सङ्गठनलाई केन्द्रीय समितिले आफ्नो कार्यावधिसम्मका लागि मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता मानार्थ सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । तर, बैठकमा मत दिन वा कुनै तहको समितिको पदाधिकारी तथा सदस्यको निर्वाचनमा मतदान गर्ने अधिकार भने हुने छैन ।

## ७. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

१. सङ्गठनको सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि निम्नबमोजिम हुनेछ :

क. सङ्गठनका संस्थापक र साधारण सदस्यहरूले वार्षिक रु. ३००।- (तीन सय रुपैयाँ) सदस्यता शुल्क बुझाउनु पर्नेछ । यस्तो शुल्कको २५

प्रतिशत सम्बन्धित प्रदेश समितिमा, २५ प्रतिशत जिल्ला समितिमा र ५० प्रतिशत केन्द्रीय समितिमा रहने छ । नयाँ सदस्यले सदस्यता लिँदा रु १०० (एक सय) थप प्रवेश शुल्क तिरी तोकिएको फर्म भरी बुझाउनु पर्नेछ ।

ख. कम्तीमा १५ जना साधारण सदस्य रहेको जिल्लामा जिल्ला समिति गठन गर्न सकिनेछ । जिल्ला समितिले आवश्यकताको आधारमा पालिका समिति गठन गर्न सक्नेछ ।

ग. जिल्ला, विशेष/प्रतिष्ठान/पालिका समिति गठन गर्न केन्द्रीय समितिको अनिवार्य स्वीकृति लिनुपर्नेछ ।

घ. साधारण सदस्यता जिल्ला समितिले प्रदान गर्नेछ, सम्बन्धित प्रदेश समितिले अनुमोदन र केन्द्रीय समितिले अभिलेख राख्नेछ । विवादको स्थितिमा सदस्यता प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार केन्द्रीय समितिको हुनेछ ।

ङ. राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय प्रतिनिधि परिषद् बैठकको सूचना जारी हुनुभन्दा दुई महिना अगाडिदेखि नयाँ सदस्यता प्रदान गरिने छैन ।

## २. परिषद्का सदस्यहरूको सङ्ख्या

क. दफा ६ (क) र (ख) बमोजिम योग्यता पुगी सदस्यता लिएका कुनै पनि पत्रकार जिल्ला/ पालिका समितिको साधारण सदस्य हुनेछन्, जसलाई जिल्ला/पालिका प्रतिनिधि परिषद् भनी बुझिनेछ ।

ख. दुई महाधिवेशनका बीचमा राष्ट्रिय प्रतिनिधि परिषद् सर्वोच्च निकाय हुनेछ । केन्द्रीय समितिले विशिष्ट अवस्था ठहर गरेमा राष्ट्रिय महाधिवेशनमा छलफल गराइने जुनसुकै विषयबारे पनि राष्ट्रिय प्रतिनिधि परिषद्/विधान महाधिवेशनमा छलफल गराउन सक्नेछ ।

## ३. राष्ट्रिय प्रतिनिधि परिषद

राष्ट्रिय प्रतिनिधि पषिदको बैठक एक कार्यकालमा एक पटक बस्नेछ, जस्मा निम्नानुसार सदस्यहरू रहनेछन् :

१. केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू
२. निवर्तमान अध्यक्ष तथा पूर्वअध्यक्षहरू
३. संस्थापक सदस्य तथा सल्लाहकारहरू
४. लेखा आयोग, अनुशासन आयोग र निर्वाचन आयोगका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरू
५. प्रदेश समितिका पदाधिकारीहरू

६. जिल्ला समितिका अध्यक्षहरू
७. केन्द्रीय बिभागका सचिवहरु
८. केन्द्रीय समितिद्वारा मनोनीत महिलासहित कुल सदस्य सङ्ख्याको १० प्रतिशत सदस्यहरू

## ८. सदस्यताको समाप्ति र अयोग्यता

क. राजीनामा दिएमा ।

ख. मृत्यु भएमा ।

ग. संस्थाको हितविपरीत काम गरेको प्रमाणित भएमा, सङ्गठनको निर्णय उलङ्घन गरी विपक्षीलाई फाइदा पुग्ने काम गरेमा ।

घ. निर्धारित समयभित्रै सदस्यता नवीकरण नगरेमा तर यस अवस्थामा समितिले चाहेमा निजलाई तोकिएबमोजिमको जरिवाना लिई एक पटकका लागि तीन महिना थप गरी नवीकरणका लागि म्याद थप गर्न सक्नेछ ।

ङ. सङ्गठनको हितविपरीत काम गरेको ठहऱ्याइएमा समितिले निष्काशन गर्ने निर्णय गर्नुपूर्व निजलाई आफ्नो पक्षमा स्पष्टीकरण दिने अवसर अनिवार्य रूपमा प्रदान गर्नुपर्नेछ । प्राप्त स्पष्टीकरण

तर्कसङ्गत र पुष्टि नभएमा निष्काशनको निर्णय गर्न सकिनेछ ।

च. आफूउपर भएको निष्काशनको कारबाही चित्त नबुझेमा निजले त्यसपछि लगत्तै हुने राष्ट्रिय प्रतिनिधि परिषद् बैठकसमक्ष उजुरी दिन सक्नेछ ।

## परिच्छेद-४

# राष्ट्रिय महाधिवेशन तथा समिति

## ९. सङ्गठनको स्वरूप

१. **क. राष्ट्रिय महाधिवेशन :** राष्ट्रिय महाधिवेशन सर्वोच्च निकाय हुनेछ। केन्द्रीय समितिले तीन वर्षमा राष्ट्रिय महाधिवेशन आयोजना गराउनेछ। केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, विशेष/प्रतिष्ठान समितिले तीन वर्षमा शाखा अधिवेशन गराउने छन् । यस्तो अधिवेशन हुने मिति, समय र स्थान तोकी कम्तीमा १५ दिनअगावै सदस्यहरूलाई सूचना पठाउनु पर्नेछ। यसरी सूचना पठाउँदा राष्ट्रिय महाधिवेशनमा छलफलका लागि पेस हुने प्रस्तावको विषय सूचीसमेत पठाउनु पर्नेछ। सबै तहका

अधिवेशनका गणपूरक सङ्ख्या ५१ प्रतिशत हुनेछ ।

ख. राष्ट्रिय महाधिवेशनमा पेस हुने प्रस्ताव समितिले तयार गरी पेस गर्नुपर्नेछ । कुनै सदस्यले महाधिवेशनमा पेस गर्नुपर्ने कुनै प्रस्ताव भए महाधिवेशन हुने मितिभन्दा ४५ दिनअगावै केन्द्रीय समितिमा दर्ता गर्नुपर्नेछ ।

ग. जिल्ला समितिले अधिवेशनबाट ३० जना साधारण सदस्य बराबर एक जनाका दरले र महिलाका हकमा १५ जना साधारण सदस्य बराबर एक जनाका दरले राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चयन गर्नेछ । यस्तै १५ जना बराबर एक जनाका दरले र महिलाको हकमा सात जना बराबर एक जनाको दरले प्रदेश अधिवेशन प्रतिनिधि चयन गरिने छ । तर, पिछडिएका क्षेत्रको हकमा राष्ट्रिय महाधिवेशनमा २० जना बराबर एक जना र महिलाको हकमा सात जना बराबर एक जना तथा प्रदेशमा १० जना बराबर एक र महिलाको हकमा पाँच जना बराबर एक प्रतिनिधि चयन गरिने छ । प्रतिनिधि छनोटमा दोहोरो मतदानको अधिकार हुनेछैन । पन्ध्र सदस्यभन्दा कम सदस्य सङ्ख्या भएका जिल्ला, विशेष/प्रतिष्ठान

समितिमा केन्द्रीय समितिले तोकेबमोजिम राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुनेछन् ।

घ. केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

ङ. निवर्तमान तथा पूर्वअध्यक्षहरू राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

च. केन्द्रीय आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा सदस्यहरू राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

छ. प्रदेश समितिका पदाधिकारी राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुनेछन ।

ज. केन्द्रीय बिभागका सचिवहरु राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुनेछन ।

झ. सल्लाहकारहरु मध्येबाट केन्द्रीय समितिले मनोनीत गरेका १० प्रतिशत राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

ञ. जिल्ला समितिका अध्यक्ष राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

ट. प्रतिनिधि छनोट गर्दा सम्भव भएसम्म महिला, मधेसी, आदिवासी जनजाती, मुस्लिम, दलित,

थारुलगायत अन्य समुदायको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

ड. केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशनका लागि आवश्यक सम्झिएमा महिलासहित कुल प्रतिनिधि सदस्य सङ्ख्याको १० प्रतिशत सदस्य नबढ्ने गरी मनोनयन गर्न सक्नेछ ।

ढ. राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुन कम्तीमा पाँच वर्ष साधारण सदस्य भएको हुनुपर्नेछ । महिला, दलित, मुस्लिम, अल्पसङ्ख्यक र पिछडिएको क्षेत्रको हकमा सदस्य भएको तीन वर्ष भएको हुनुपर्नेछ ।

**२. राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार :**

१. राष्ट्रिय महाधिवेशनमा पेस हुने र छलफल गरी निर्णय गर्नुपर्ने विषयहरू निम्नानुसार हुनेछन् :

क. केन्द्रीय समितिले गरेको कामको मूल्याङ्कन गर्ने ।

ख. केन्द्रीय समितिले पेस गरेका प्रतिवेदन र प्रस्तावहरूमा छलफल गरी पारित गर्ने ।

ग. सङ्गठनको लक्ष्य र उद्देश्यपूर्तिका लागि अन्य आवश्यक विषयमा प्रस्ताव पेस गरी छलफल गरी पारित गर्ने ।

घ. केन्द्रीय समितिको निर्वाचन गर्ने ।

ङ. महाधिवेशनको बन्दशत्र सञ्चालन गर्न अध्यक्षमण्डल गठन गर्ने ।

२. **पालिका समिति :** सङ्गठनको सदस्यता प्राप्त गरेका सदस्यहरूले गोप्य मतदानद्वारा अध्यक्ष-१, उपाध्यक्ष-१, कोषाध्यक्ष-१, सचिव-१ र सदस्यहरू गरी जम्मा बढीमा ७ जनासम्मको पालिका समिति गठन गर्न सक्नेछन् ।

३. **जिल्ला समिति :** जिल्ला समितिमा देहायबमोजिमका पदाधिकारी/सदस्य रहनेछन् :

क. सङ्गठनको सदस्यता प्राप्त गरेका सदस्यहरूले गोप्य मतदानद्वारा अध्यक्ष-१, उपाध्यक्ष-१, उपाध्यक्ष (महिला)-१ सचिव-१, कोषाध्यक्ष-१ र सहसचिव-२ (१ जना समावेशी) र सदस्यहरू गरी जम्मा बढीमा २९ जनासम्मको जिल्ला समिति गठन गर्न सक्नेछन् ।

४. **प्रदेश समिति :** सङ्गठनको सदस्यता प्राप्त गरेका सदस्यहरूले गोप्य मतदानद्वारा

अध्यक्ष-१, उपाध्यक्ष-२ (एक जना महिला अनिवार्य), महासचिव-१, कोषाध्यक्ष-१, सचिव-६ (२ जना समावेशी) र सदस्यहरू गरी जम्मा बढीमा ६५ जनासम्मको प्रदेश समिति गठन गर्न सक्नेछन् ।

प्रदेश, जिल्ला, विशेष/प्रतिष्ठान समितिले आफ्नो अधिवेशनपूर्व केन्द्रीय लेखा आयोगबाट अनिवार्य रुपमा लेखा परीक्षण गर्नुपर्ने छ । लेखा परीक्षण नगरी अधिवेशन सम्पन्न भएको पाइएमा केन्द्रीय समितिले अमान्य घोषित गर्ने वा विघटन गरी नयाँ कार्यसमिति गठन गर्न सक्ने छ ।

५. **केन्द्रीय समिति** : राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सचिवसहित १७ सदस्यीय पदाधिकारी र १५१ सदस्यीय केन्द्रीय समिति चयन हुनेछ । केन्द्रीय समितिको संरचना यसप्रकार हुनेछ ।

अध्यक्ष-१,

उपाध्यक्ष -४ (एक जना महिला अनिवार्य)

महासचिव-१

उपमहासचिव-२

कोषाध्यक्ष- १

सचिव- ८

सदस्य :-

पुरुषतर्फ :- ४७

महिलातर्फ :- २३

प्रत्येक प्रदेशवाट २ जना महिलासहित ६ जना गरी जम्मा -४२

उपत्यका/प्रतिष्ठान/एशोशियटबाट- प्रत्येकबाट १ महिलासहित ३ जना गरी ९

मधेसीबाट २ (कम्तीमा १ महिला सहित)

आदिवासी जनजातिबाट-२(कम्तीमा १ महिलासहित)

दलितबाट- २ (कम्तीमा १ महिलासहित),

मुस्लिमबाट- २ (कम्तीमा १ महिलासहित),

थारुबाट- २ (कम्तीमा १ महिलासहित),

पिछडिएको क्षेत्रबाट- १

अल्पसंख्यक-१

अपांगताबाट-१

**मनोनित :** कुल सदस्य संख्याको १० प्रतिशत मनोनीत गर्न सकिने छ । पत्रकारिता क्षेत्रका अन्य सङ्गठनबीच एकता कायम भएको र गर्नुपरेको अवस्थामा केन्द्रीय समितिको कुल सदस्य संख्याको बढीमा १५ प्रतिशत मनोनीत गर्न सकिने छ ।

घ. केन्द्रीय समितिको बैठकले नियमित कार्य सम्पादन गर्न पदाधिकारी रहने छन । सम्पूर्ण पदाधिकारीसहित एक तिहाई नबढने गरी सचिवालयको गठन गर्न सकिने छ । आयोगका अध्यक्ष पदाधिकारीसरह र प्रदेश अध्यक्ष केन्द्रीय समितिको मताधिकारसहितको पदेन सदस्य हुनेछन । प्रदेश इञ्चार्जहरुको हैसियत सचिवालय सदस्यसहर रहने छ । सचिवालयमा आवश्यकता अनुसार एक तिहाइ नबढने गरी सदस्य मनोनित गर्न सकिनेछ ।

३. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला, विशेष/प्रतिष्ठान/एशोसियट/पालिका समितिको पदावधी तीन वर्षको हुनेछ । विशेष

परिस्थितिमा केन्द्रीय समितिले निर्णय गरी सबै तहका समितिको एक वर्षसम्मका लागि पदावधी थप गर्न सक्नेछ । अधिवेशन हुनुअगावै जिल्ला, विशेष/प्रतिष्ठान/पालिका समितिले आफ्ना सदस्यहरूको विवरण प्रदेश हुँदै केन्द्रीय समितिमा पठाउनु पर्नेछ । राष्ट्रिय महाधिवेशन भन्दा दुई महिना अगाडि जिल्ला, विशेष/प्रतिष्ठान/पालिका अधिवेशन र एक महिना अगाडि प्रदेश समितिको अधिवेशन गरिसक्नु पर्नेछ । सोही अधिवेशनले नै राष्ट्रिय महाधिवेशनका प्रतिनिधि चयन गरी केन्द्रीय समितिमा विवरण पठाउनु पर्नेछ । जिल्ला, विशेष/प्रतिष्ठान, प्रदेश समितिले समयमै अधिवेशन सम्पन्न नगरेमा केन्द्रीय कमिटीले बिघटन गरी नयाँ आयोजक समिति बनाउन सक्नेछ ।

४. कुनै पनि तहको निर्वाचनमा उम्मेदवार बनेको अवस्थामा उम्मेदवार कायम रहनुअघिको पदबाट स्वःत मुक्त हुनेछ ।

५. नीति-निर्णयमा समितिलाई सहयोग पुऱ्याउन सबै तहका समितिले सल्लाहकार मनोनयन गर्न

सक्नेछन् । सल्लाहकारको सङ्ख्या केन्द्रमा बढीमा ५१ जना, प्रदेशमा बढीमा २०, जिल्ला, विशेष/प्रतिष्ठानमा बढीमा सात जनासम्म हुनेछ । सल्लाहकारलाई समितिमा मतदानको अधिकार हुनेछैन । सल्लाहकारहरू सम्बन्धित समितिको अधिवेशनमा स्वतः प्रतिधिनि हुनेछन् । उम्मेद्वार र मतदानको हकमा भने सम्बन्धित समितिले मनोनीत गरेका प्रतिनिधिले मात्र भाग लिन पाउने छन् ।

६. कुनै पनि समितिमा रहेका पदाधिकारी तथा सदस्यहरू केन्द्रीय अध्यक्षको स्वीकृतीबिना आमसञ्चारका क्षेत्रबाहेकका अन्य क्षेत्रमा काम गर्न वा गतिविधिमा संलग्न हुन पाइने छैन । विदेश भ्रमणमा जाँदा अनिवार्य स्वीकृति लिनुपर्नेछ । स्वीकृत नलिएको अवस्थामा स्वतः पदमुक्त हुनेछ ।

## १०. राष्ट्रिय, जिल्ला तथा विशेष प्रतिनिधि परिषद् बैठक

१. सङ्गठनका राष्ट्रिय, प्रदेश, जिल्ला तथा विशेष/प्रतिष्ठान/एशोसियट/पालिका प्रतिनिधि परिषद्का बैठकहरू निम्नानुसार बस्नेछन् :

क. राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक दुई महाधिवेशनको बीचमा एक पटक बस्नेछ ।

ख. प्रदेश, जिल्ला, विशेष/प्रतिष्ठान/एशोसियट परिषद्को बैठक प्रत्येक वर्षको एक पटक बस्नेछ ।

ग. केन्द्रीय समितिले आवश्यक ठहर्‍याएमा वा साधारण सदस्यको बहुमत सङ्ख्याले उचित कारणसहित लिखित अनुरोध गरेमा त्यस्तो अनुरोध प्राप्त भएको एक महिनाभित्र समितिले विशेष प्रतिनिधि परिषद् बैठक बोलाउनु पर्नेछ ।

घ. विशेष प्रतिनिधि परिषद् बैठक बोलाउन तोकिएको विषयमा बाहेक अरू कुरामा छलफल गर्न पाइने छैन ।

ङ. विशेष प्रतिनिधि परिषद् बैठकका लागि राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूको बहुमतको हस्ताक्षर आवश्यक पर्नेछ । दुई तिहाई सङ्ख्या पुगेपछि प्रस्ताव पारित हुनेछन ।

च. राष्ट्रिय प्रतिनिधि परिषद बैठकलाई विधान महाधिवेशनसमेत भनिनेछ ।

## २. अध्यक्षता

क. प्रतिनिधि परिषद् बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरु मध्येबाट अध्यक्षले तोकेअनुसार अध्यक्षता गर्नेछन् ।

ख. अध्यक्षविरुद्धको प्रस्तावउपर छलफल गर्नुपरेमा उपाध्यक्षहरु मध्येबाट र अध्यक्ष र उपाध्यक्षविरुद्धमा आएको प्रस्तावमा छलफल गर्नुपरेमा बैठकले आफूमध्येबाट ज्येष्ठ सदस्यलाई अध्यक्षताको जिम्मा दिनेछ ।

**३. छलफल र निर्णय :**

क. विशेष बैठकबाहेक बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतका आधारमा प्रस्तावहरू पारित हुनेछन् ।

ख. पक्ष-विपक्षमा बराबर सङ्ख्या वा मत भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

ग. केन्द्र, प्रदेशसहित सवै तहमा आफू कायम रहेको समितिको बैठकमा लगातार २ पटक अनुपस्थित भएमा स्वतः पदमुक्त हुनेछ ।

घ. कुनै पनि समितिका पदाधिकारी तथा सदस्यहरु पदेन सदस्यका रुपमा प्रतिनिधित्व गर्दै माथिल्लो

समितिमा रहनेबाहेकका अवस्थामा मनोनीत वा नियुक्त भएमा सम्बन्धित समितिबाट स्वतः पदमुक्त हुनेछ ।

परिच्छेद-५

## समिति, पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार

### ११. केन्द्रीय समिति

क. दुई राष्ट्रिय महाधिवेशनको बीचमा केन्द्रीय समिति सङ्गठनको सर्वोच्च निकाय हुनेछ । सङ्गठनमा अध्यक्षको निर्देशनअनुसार तोकिएको समयमा महासचिवले समितिको बैठक बोलाउनेछ। नियमित बैठक वर्षको कम्तीमा दुई पटक बोलाइनेछ ।

ख. आकस्मिक बैठक बस्नुपरेमा ४८ घण्टाभित्र बोलाउन सकिनेछ ।

ग. समितिका कुल सदस्यमध्ये कम्तीमा ५१ प्रतिशतको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ ।

घ. बैठकमा प्रस्तुत प्रस्ताव र कार्यक्रम सामान्य बहुमतका आधारमा निर्णय भएको मानिनेछ ।

सदस्यहरूबीच पक्ष-विपक्षमा बराबर मत हुन आएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

ङ. समितिले आवश्यकताअनुसार विभिन्न विभागहरू गठन गर्न सक्नेछ। विभागहरूले सङ्गठनको हितमा रही आफ्नो कार्यसम्पादन गर्नेछ ।

च. केन्द्रीय सचिवालयको बैठक आवश्यकताअनुसार बस्नेछ ।

छ. अध्यक्ष, महासचिव र कोषाध्यक्ष सङ्गठनका पूर्णकालीन सदस्य हुनेछन् ।

ज. दुई बैठकको अवधीमा अध्यक्षले सङ्गठनको उद्देश्य र विधानबमोजिम गरेको निर्णय नै कमिटीको निर्णय हुनेछ । सो निर्णय त्यसलगत्तै बस्ने बैठकबाट अनुमोदन गर्नुपर्नेछ ।

झ. अध्यक्षपछिको वरियतामा निवर्तमान अध्यक्ष र पूर्वअध्यक्षहरु संगठनमा सक्रिय रहनेछन् । अध्यक्षका अनुपस्थितिमा निवर्तमान अध्यक्ष र पूर्वअध्यक्षहरुलाई कार्यबहाक अध्यक्षको जिम्मेवारी भने दिन पाइने छैन ।

## १२. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार

क. सम्पूर्ण कार्यकारी अधिकार केन्द्रीय समितिमा निहित रहने छ ।

ख. आवश्यक नियम-विनियम बनाई लागू गर्न सक्ने ।

ग. प्रत्येक प्रदेश/जिल्लामा इञ्चार्ज तोक्ने ।

घ. वार्षिक अनुमानित आय-व्यय विवरण तयार गर्ने, स्रोत, साधन जुटाउने र परिचालन गर्ने ।

ङ. विधानले तोकेअनुसार सङ्गठनको उद्देश्यअनुरूपका कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्ने ।

च. राष्ट्रिय प्रतिनिधि परिषद् बैठक तथा आवश्यकता अनुसारका भेला/बैठकहरू बोलाउने ।

छ. सचिवालयले गरेका निर्णयहरू अनुमोदन गर्ने ।

ज. पहिलो पटक गठन हुने प्रदेश, जिल्ला, विशेष/प्रतिष्ठान समितिको अध्यक्ष, पदाधिकारी र सदस्य तोक्ने ।

झ. सदस्यहरुको अभिलेख राख्ने, प्रदेशले स्वीकृत गरेको सदस्यता बिवाद आएमा छानविन गरी अन्तिम टुङ्गो लगाउने ।

## १३. केन्द्रीय सचिवालयको काम, कर्तव्य र अधिकार

क. केन्द्रीय समितिका दुई बैठकका बीचमा केन्द्रीय समितिका सम्पूर्ण अधिकारहरू प्रयोग गर्ने ।

ख. सङ्गठनका तर्फबाट तत्काल सार्वजनिक गर्नुपर्ने धारणाहरू निर्माण गर्ने ।

ग. अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँगको भाइचारा सम्बन्ध स्थापना, संस्थागत प्रतिनिधित्व चयन, अन्य सङ्घ-सङ्गठनसँगको सहकार्यलगायतका कामहरू गर्ने ।

## १४. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

### अध्यक्ष

क. सङ्गठनको समग्र नेतृत्व गर्ने, परिषद् बैठक, भेला र समितिको बैठकको अध्यक्षता गर्ने ।

ख. परिषद्को निर्देशन र विधानमा निर्धारित उद्देश्य तथा नीति कार्यक्रमको पालना र सञ्चालन गर्ने/गराउने ।

ग. समितिलाई सक्रिय राखी सङ्गठनको हितमा समग्र नेतृत्व प्रदान गर्दै पदाधिकारी तथा सदस्यहरूको कामको बाँडफाँट र मूल्याङ्कण गर्ने ।

घ. बैठक नबसेको अवस्थामा केन्द्रीय समितिको सम्पूर्ण अधिकार प्रयोग गर्ने ।

ङ. सङ्गठनभित्र सबै प्रकारका अनुशासन कायम गर्ने/गराउने ।

च. पदाधिकारी र सदस्यलाई विशेष परिस्थितिमा विशेष जिम्मेवारी दिएर खटाउने ।

छ. अनुशासनहीन काम भए गरेको अवस्था वा तोकिए बमोजिमको काम नगरेको र नेतृत्वबिरुद्ध गुटबन्दी गरेको पाइएको अवस्थामा पदाधिकारी र सदस्यहरुमाथि आवश्यक कार्वाही, निर्देशन र जिम्मेवारी हेरफेर वा पदमुक्त गर्ने ।

**उपाध्यक्ष**

क. अध्यक्षलाई पूर्णरुपमा सघाउने/तोकेको जिम्मेवारी पूरा गर्ने ।

ख. अध्यक्षले खटाएको क्षेत्रमा अध्यक्षको प्रतिनिधिका रुपमा कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्ने ।

**महासचिव**

क. अध्यक्षको निर्देशनअनुसार बैठक बोलाउने ।

ख. अध्यक्षको अनुमतिमा बैठकका लागि प्रतिवेदन र कार्यसूची तयार पार्ने ।

घ. समितिको दैनिक कार्यसञ्चालन गर्ने/गराउने ।

ङ. राष्ट्रिय प्रतिनिधि परिषद्, भेला र समितिले पारित गरेका विषयहरूको अभिलेख दुरुस्त राख्ने ।

च. सङ्गठनको नाममा आवश्यक लेखापढी गर्ने ।

**उपमहासचिव**

क. दैनिक कार्यसञ्चालनमा महासचिवको काममा सहयोग गर्ने ।

ख. महासचिवको अनुपस्थितिमा महासचिवका सम्पूर्ण कामहरू गर्ने ।

ग. अध्यक्षको अनुमति लिएर महासचिवले खटाएको क्षेत्रमा प्रतिनिधिका रुपमा कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्ने ।

**कोषाध्यक्ष**

क. सङ्गठनको आम्दानी र खर्चको फाँटवारी राख्ने ।

ख. अध्यक्ष र समितिको निर्देशनमा बजेट बनाई पेस र खर्च गर्ने ।

ग. सङ्गठनभित्र आर्थिक पारदर्शिता कायम गर्ने ।

घ. सङ्गठनको शुल्क, दस्तुर असुल गर्ने/गराउने र संगठनको तर्फबाट गर्नुपर्ने खर्चको व्यवस्था गर्ने/गराउने ।

ङ. आर्थिक अनुशासन कायम गराउने ।

**सचिव**

क. उपमहासचिवको अनुपस्थितिमा उपमहासचिवका सम्पूर्ण कामहरू गर्ने ।

ख. सङ्गठनले खटाएको क्षेत्रमा काम गर्ने ।

**सदस्य**

क. बैठक बसेको बेला अनिवार्य रुपमा उपस्थित भइ सङ्गठनलाई अघि बढाउन राय, सुझाव र योजनाहरू प्रस्तुत गर्ने । सङ्गठनको उद्देश्य र कार्यक्रमहरू पूरा गर्न सक्रिय रहने ।

ख. आफ्नो प्रदेशभित्रको संरचनाअनुसार आर्थिक तथा संगठन निर्माणको नीति अख्तियार गर्ने । आफ्ना क्षेत्रसँग सम्बन्धित जिल्ला, विशेष/प्रतिष्ठान समितिको नियमित बैठक बसाउने, केन्द्रको निर्णय, निर्देशन कार्यान्वयन गर्ने/गराउने र अनुगमनमा सम्बन्धित उपाध्यक्षलाई सघाउने ।

ग. केन्द्रीय समितिले तोकेमा सम्बन्धित जिल्ला, विशेष/प्रतिष्ठानमा इञ्चार्जको भूमिका निर्वाह गर्ने ।

घ. नेतृत्वको निर्देशनअनुसारको काम गर्ने ।

**१५. आयोग :** संगठनलाई ब्यवस्थित राख्न तीन केन्द्रीय आयोगहरु रहने छ । अयोगहरुमा अध्यक्ष-१, उपाध्यक्ष २, सचिव-१ सहित २५ जना रहने छन । आयोगका अध्यक्ष पदाधिकारी र आयोग पदाधिकारी

तथा सदस्यहरु केन्द्रीय समिति सदस्य सरह हुनेछन ।

## १ अनुशासन आयोग :

क. अनुशासन आयोगको काम, कर्तव्य र अधिकार :

सङ्गठनभित्र अनुशासन कायम गर्न/गराउन समितिलाई सहयोग गर्ने । अनुशासनहीन कामको रेकर्ड राखी अध्यक्षमार्फत समितिमा प्रतिवेदन बुझाउने। सङ्गठनमा रहेका कसैले विधानविपरीत काम गरे आयोगको बैठक राखेर कारवाहीको लागि केन्द्रीय समितिमा सिफारिश गर्ने । अध्यक्षको निर्देशन आएको अवस्थामा भने तत्कालै छानविन गरी कार्वाहीको सिफारिश गर्ने ।

## २ (क) लेखा आयोग :

लेखा आयोगको काम, कर्तब्य र अधिकार :

- संस्थाको आम्दानी खर्चको फाँटवारीको लागि अनुगमन गर्ने, लेखा परीक्षण रिपोर्टको जाँच गर्ने ।

- संस्थाको आर्थिक फाँटलाई चुस्त र परदर्शी राख्न आवश्यक अनुगमन गर्ने,
- संस्थाको आर्थिक फाँटमा कुनै त्यस्तो गम्भीर समस्या वा बिवाद आएमा समाधानका लागि सहयोग गर्ने,
- प्रदेश, जिल्ला र बिशेष/प्रतिष्ठान समितिले तयार गरेको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने र त्यस्तो प्रतिवेदनलाई सम्बन्धित समितिको अधिवेशनबाट पारित गर्नका लागि पेश गर्न लगाउने ।

२ **निर्वाचन आयोग :** केन्द्रीय समितिको निर्देशनअनुसार सवै तहको समितिको निर्वाचन सम्पन्न गर्ने ।

## १६. प्रदेश समितिका काम, कर्तव्य र अधिकार

क. जिल्ला, विशेष/प्रतिष्ठान समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बसाई केन्द्रीय समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने

ख. जिल्ला समितिबाट सिफारिश भई आएको सदस्यता स्वीकृत गरी अभिलेखका लागि केन्द्रीय कमिटीमा पठाउने । आफ्नो प्रदेशभित्र जिल्ला समितिको कामको मूल्याङ्कन र परिचालन गर्ने ।

ग. आवश्यकताअनुसार प्रदेशभित्रका बैठक, गोष्ठी, भेला आयोजना गर्ने, ती सवै कामको जानकारी केन्द्रीय समितिलाई दिने ।

ग. आफ्नो क्षेत्रसँग सम्बन्धित जिल्ला समितिहरूको नियमित बैठक बसाउने, केन्द्रको निर्णय, निर्देशन कार्यान्वयन गर्ने/गराउने र अनुमगमन गर्ने ।

घ. आफ्नो क्षेत्रसँग सम्बन्धित योजना बनाउने र सम्बन्धित उपाध्यक्षमार्फत अध्यक्ष र केन्द्रीय सचिवालयलाई जानकारी गराउने ।

ङ. प्रदेश समितिको बैठक चार महिनामा कम्तीमा एक पटक बस्ने । सचिवालय बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

## १७. जिल्ला, विशेष/प्रतिष्ठान/एशोसियट/पालिका समितिका काम, कर्तव्य र अधिकार

क. सदस्यता दिने निर्णय गरी अनुमोदनका लागि प्रदेश कमिटीमा सिफारिश गर्ने । प्रत्येक जिल्ला, विशेष/प्रतिष्ठान/पालिका समितिले सङ्गठनको विधान, नियम तथा समितिको निर्णय र नीतिहरूको कार्यान्वयन गर्ने ।

ख. वार्षिक रूपमा परिषद् बैठक बसी सो सभामा पारित वार्षिक आय-व्ययको लेखापरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन र अन्य निर्णयको प्रतिलिपि राखी प्रदेश र केन्द्रीय कार्यालयमा पठाउने ।

ग. साधारण सदस्यहरूको नाम, ठेगाना र प्रत्येक वर्ष नयाँ बनेका तथा नवीकरण गरेका सदस्यहरूको नामावली तथा जिल्ला, विशेष/प्रतिष्ठान समितिका निर्णयसमेतको विवरणहरू एक महिनाभित्र पठाउनु पर्नेछ ।

घ. आफूले तय गरेको वार्षिक बजेट तथा कार्यक्रमहरू केन्द्रीय समितिलाई जानकारी गराउनुपर्नेछ ।

ङ. कुनै जिल्ला, विशेष/प्रतिष्ठान/पालिका समितिको कार्य सञ्चालनमा अनियमितता भएको छ वा आपसमा कुनै झै-झगडा वा वादविवाद उत्पन्न भएको छ भन्ने केन्द्रीय समितिलाई जानकारी हुन आएमा केन्द्रीय समितिले जाँच गरी/गराई त्यसको आधारमा दिएको निर्णय त्यस्तो जिल्ला, विशेष/प्रतिष्ठान/एशोसियट/पालिका समिति र साधारण सदस्यले मान्नुपर्नेछ । त्यस्ता निर्णयउपर चित्त नबुझे राष्ट्रिय परिषद्समक्ष उजुरी गर्न सकिनेछ, जसको निर्णय अन्तिम हुनेछ ।

च. सङ्घको वार्षिक साधारण सदस्यता शुल्क प्रथम वर्षका लागि सदस्यताका लागि दिइने दरखास्तका साथै प्रवेश शुल्कसहित पेस गर्नुपर्नेछ ।

छ. कुनै सदस्यले सदस्यता परित्याग गर्न चाहेमा सोका लागि आवेदन लिई निजबाट नगद तथा जिन्सीको फरफारक गर्नुपर्नेछ ।

ज. केन्द्रीय समितिले आवश्यकताअनुसार माग गरेमा अन्य विवरणहरू पठाउनुपर्नेछ ।

झ. जिल्ला, विशेष/प्रतिष्ठान/एशोसियट/पालिका समितिले साधारण सदस्यताबापत् उठाएको रकमको ५० प्रतिशत रकम केन्द्रीय समितिमा अनिवार्य रूपले बुझाउनुपर्नेछ ।

ञ. जिल्ला, विशेष/प्रतिष्ठान/एशोसियट/पालिका समितिको नियमित बैठक वर्षको कम्तीमा ४ पटक बस्नेछ । यसरी बस्ने बैठकको अन्तर तीन महिनाभन्दा बढी हुने छैन । आकस्मिक बैठक बस्नुपरेमा २४ घण्टाभित्रै पनि त्यस्तो बैठक बोलाउन सकिनेछ ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

## १८. आर्थिक स्रोत

क. सङ्गठनको एक छुट्टै कोष रहनेछ र त्यस्तो आय-स्रोत सदस्यता शुल्क, दस्तुर, सहयोग, चन्दा, उपहार वा अन्य विभिन्न कार्य र माध्यमबाट प्राप्त रकम हुनेछ ।

ख. सङ्गठनको दैनिक कार्यसञ्चालन र नेतृत्वसहित पुर्णकालिन सदस्यका लागि आवश्यक खर्च कोषबाटै गरिनेछ । आम्दानी-खर्चको नियमित लेखा परीक्षण गरिनेछ ।

## १९. चल-अचल सम्पत्तिको विवरण

संगठनले व्यक्तिसरह चल-अचल सम्पत्ति भोगचलन गर्न सक्नेछ ।

## २०. कोषको सञ्चालन व्यवस्था

क. सङ्गठनको खाता अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । अध्यक्ष र महासचिवमध्ये एक र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

ख. समितिले निर्धारण गरेको नीति-नियमअनुसार कोषको सञ्चालन, लेखापरीक्षण र अन्य सम्बन्धित कुराहरू हुनेछन् ।

ग. अध्यक्ष, महासचिव र कोषाध्यक्षले दैनिक कार्य सञ्चालनका लागि समितिबाट पछि अनुमोदन गर्ने गरी एक पटकमा रु. १०,०००।- (दश हजार रुपैयाँ) सम्म खर्च गर्न सक्नेछन् ।

घ. खर्चको स्वीकृति र प्रमाणिकरण अध्यक्षबाट गरिनेछ । अध्यक्षले अधिकार प्रत्यायोजन गरेको अवस्थामा महासचिव वा कोषाध्यक्षले पनि गर्न सक्नेछ ।

ङ. केन्द्रीय समितिको साथै प्रदेश समिति, जिल्ला समिति र पालिका समितिले आफ्नो कार्यक्षेत्रभित्र आर्थिक कारोवारका लागि समितिमा निर्णय गरी छुट्टै बैंक खाता सञ्चालन गर्न सक्नेछन् ।

## २१. लेखापरीक्षण

सङ्गठनको हिसाब विवरण मान्यताप्राप्त लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनसहित प्रत्येक वर्ष सम्बन्धित अधिकारीसमक्ष पेस गरिनेछ । प्रदेश, जिल्ला र पालिका समितिको लेखा परीक्षण भने केन्द्रीय लेखा आयोगले गर्नेछ ।

परिच्छेद-७

## निर्वाचन

## २२. निर्वाचन प्रक्रिया

क. केन्द्रीय निर्वाचन आयोगले केन्द्रीय समितिसहित सबै तहका कमिटीको निर्वाचन गराउने छ । आयोगले उम्मेदवारी शुल्क तोक्नेलगायत अन्य कार्यबिधि आफै बनाउन सक्ने छ । उम्मेदवारी शुल्क यसअघि कायम भएको रकम भन्दा घटाउन पाइने छैन । निर्वाचन आयोगले बनाउने कार्यबिधि यसै बिधानको अंग मानिने छ ।

ख. निर्वाचन गोप्य मतदानबाट गरिनेछ । मत बराबर भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ ।

ग. निर्वाचनका सम्बन्धमा प्रदेश/जिल्ला, विशेष/प्रतिष्ठान समितिले पनि उल्लिखित विधि अपनाउनु पर्नेछ ।

घ. कुनै पनि समितिान अध्यक्षसहित पदाधिकारीमा एउटै व्यक्ति एकै पदमा लगातार दुई पटक भन्दा बढी उम्मेदवार हुन पाउने छैन । फरक दुई संगठनबीच एकता भएको अवस्थामा भने यो व्यवस्था लागू हुनेछैन ।

ङ. केन्द्रीय समितिको अध्यक्ष तथा पदाधिकारी हुन कम्तीमा एक कार्यकाल केन्द्रीय समिति सदस्य रही कार्य सम्पादन गरेको हुनुपर्नेछ ।

च. केन्द्रीय सदस्यको उम्मेदवार हुन राष्ट्रिय महाधिवेशनमा कम्तीमा दुई पटक प्रतिनिधि भएको वा प्रदेश समितिका पदाधिकारी वा जिल्ला समितिमा पदाधिकारीका रुपमा कार्य सम्पादन गरेको हुनुपर्नेछ ।

छ. प्रदेश समितिको अध्यक्ष हुन प्रदेश समिति सदस्य वा सो सरहका समितिको सदस्य रही काम गरेको हुनुपर्नेछ । माथिल्लो समितिका सदस्य तल्लो तहको समितिमा उम्मेद्वार हुन पाउने छ ।

ज. जिल्ला अध्यक्षमा उम्मेद्वार बन्न कम्तीमा एक कार्यकाल सदस्य पदमा काम गरेको हुनुपर्नेछ ।

झ. सदस्यता नवीकरण नगरेको अवस्थामा आयोजकसहित स्वतः प्रतिनिधिले समेत निर्वाचनमा भाग लिन पाउने छैनन् ।

ञ. भूगोलबाट निर्वाचित हुने पदाधिकारी तथा सदस्यका लागि सम्बन्धित भूगोलको सदस्य अनिवार्य हुनुपर्ने छ ।

ट. निर्वाचनसम्बन्धी केन्द्रीय समिति वा नेतृत्वको निर्देशनमा निर्वाचन समितिले थप कार्यविधि

बनाउन सक्नेछ । सो कार्यविधि यसै बिधानको अंग मानिने छ ।

ठ. सबै तहका समितिमा उम्मेद्वार हुन चाहने योग्यता पुगेका पदाधिकारी वा सदस्यले निर्वाचन समितिसामू आफैले सदस्यता नविकरण गरेको प्रमाण (रसिद) पेश गर्नुपर्नेछ ।

ड. संगठनले तोकेको लेवी वा अन्य कुनै पनि शुल्क नबुझाएको सदस्य जुनसुकै समितिको भए पनि महाधिवेशन/अधिवेशनमा चुन्ने र चुनिने अधिकारबाट बञ्चित हुनेछ ।

## २३. उम्मेदवार हुन अयोग्यता

क. संस्थापक सदस्यबाहेकका साधारण सदस्यहरूले सङ्गठनको सदस्यता लिएको ५ वर्ष नपुगी केन्द्रीय कमिटीको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

## २४. अविश्वासको प्रस्ताव

क. राष्ट्रिय प्रतिनिधि परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले समिति वा समितिका पदाधिकारीप्रति विश्वास छैन भनी

कारणसहित लिखितरूपमा अविश्वासको प्रस्ताव पेस गर्न सक्नेछन् ।

ख. अविश्वासको प्रस्तावको निर्णय राष्ट्रिय प्रतिनिधि परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट हुनेछ। तर, सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

## २५.पद रिक्त हुने अवस्था, समिति विघटन र पदपूर्ति

निम्न अवस्थामा समितिका सदस्यको सदस्यता समाप्त हुने, समिति विघटन हुने र पदपूर्ति हुनेछ :

क. पदबाट राजीनामा दिएमा ।

ख. साधारण सदस्यता समाप्त भएमा वा छाडेमा ।

ग. सूचना पाएर पनि लगातार तीन पटक बिनाकारण बैठकमा अनुपस्थित भएमा ।

घ. सङ्गठनको हित र उद्देश्यविपरीत कामकारबाही गरेको आधारमा समितिले निर्णय गरी पदबाट हटाएमा ।

ङ. प्रदेश समिति वा जिल्ला, विशेष/प्रतिष्ठान समिति निष्क्रिय भएमा वा त्यस्ता समितिले केन्द्रीय समितिको निर्णयको उल्लङ्घन गरेमा केन्द्रीय समितिले त्यस्ता समिति विघटन गरी नयाँ समिति गठन गर्न सक्नेछ ।

च. उपरोक्त अवस्थामा पद रिक्त हुन आएमा बाँकी अवधिका लागि समितिले निर्णय गरी पदाधिकारी भएमा समितिको सदस्यमध्येबाट र सदस्य भएमा परिषद् सदस्यमध्येबाट पदपूर्ति गर्नेछ ।

## २६. विधान संशोधन

क. सङ्गठनको विधान संशोधन गर्न आवश्यक भएमा समिति वा कुनै प्रतिनिधि परिषद् सदस्यले राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशनमा संशोधन प्रस्ताव राख्नेछ । राष्ट्रिय महाधिवेशन/विधान महाधिवेशनमा सम्पूर्ण सदस्यको दुई तिहाइ सदस्यले संशोधनको पक्षमा मत दिएमा विधान संशोधन हुनेछ ।

ख. स्थानीय अधिकारीको पूर्वस्वीकृति लिई संशोधित विधान लागू गरिनेछ ।

## २७. नियम बनाउने

सङ्गठनको कार्यसञ्चालनका लागि आवश्यक नियम र विनियमहरू विधानसँग नबाझ्ने गरी समितिले तयार गरी लागू गर्न सक्नेछ । समितिले आचारसंहिता बनाई लागू गर्न सक्नेछ । सो आचारसंहिता उलङ्घन भएमा विधानको दफा ८ (ग) अनुसार कार्वाही हुनेछ ।

## २८. विघटन

सङ्गठनको विधानबमोजिम कार्यसञ्चालन हुन नसकी वा अन्य कुनै कारणवश सङ्गठन विघटन भएमा त्यसको चल-अचल सम्पत्ति, जायजेथा आदि प्रचलित कानुनअनुसार संरक्षण गरिनेछ ।

## २९. निष्क्रियता

यस विधानमा जेसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएका हदमा स्वतः निष्क्रिय हुनेछ ।

## ३०. बाधा-अड्काउ फुकाउ

नेपालको संविधान संशोधन भई राज्यःपुनसंरचना वा अन्य कुनै कारणले सङ्गठनात्मक स्वरुपमा परिवर्तन गर्नुपर्ने भएमा यो विधान बाधक मानिने छैन । त्यस्तो अवस्थामा आगामी राष्ट्रिय महाधिवेशन/विधान महाधिवेशनबाट अनुमोदन गर्ने गरी केन्द्रीय समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

## सपथ

म................ प्रेस चौतारी नेपालको ...............समितिको....... पदमा निर्वाचित भएको यस

ऐतिहासिक क्षणमा प्रण गर्दछु कि म प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, लोकतन्त्र, सूचनाको हक र सामाजिक उत्तरदायित्वसहितको मर्यादित र जिम्मेदार पत्रकारिताको लक्ष्यप्रति सदैव प्रतिवद्ध रहनेछु । ***प्रेस चौतारी नेपाल***को विधानको पूर्ण पालना गर्दै श्रमजीवी पत्रकारको हित रक्षाको लागि निरन्तर लागिरहने छु । र, पत्रकारिताको माध्यमबाट आर्थिक समृद्धिसहितको समुन्नत समाज निर्माणका लागि अधिकतम् योगदान गर्नेछु ।

प्रेस चौतारी नेपाल - जिन्दावाद ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता - जिन्दावाद ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल - जिन्दावाद ।